मुख्यमन्त्री

# सुदूरपश्चिम प्रदेश सरकार

## धनगढी, कैलाली, नेपाल



## तिहार पर्व, २०८२ को शुभकामना सन्देश

नेपालीहरुको दोस्रो महान चाड तिहार, २०८२ को पावन अवसरमा सुदूरपश्चिम प्रदेश सहित नेपाल र विश्वभर छरिएर रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

कार्तिक कृष्ण पक्ष त्रयोदशीका दिनदेखि कार्तिक शुक्ल पक्षको द्वितीया तिथिसम्म मनाइने तिहार पर्व नेपालीहरूको ठूला चाडहरूमध्ये एक महत्वपूर्ण रूपमा रहेको छ। यमपञ्चकको रूपमा समेत जानिने तिहार पर्वमा काग तिहार, कुकुर तिहार, गाई तिहार, गोरु तिहार र भाइटिका जस्ता विशिष्ट तिहारहरू समेटिएका छन्। यस पर्वको अवसरमा धन र ऐश्वर्यकी देवी लक्ष्मीको पूजा अर्चना गरी दीपावली गर्ने र दिदीबहिनीद्वारा दाजुभाइलाई सप्तरङ्गी टीकाका साथै सयपत्री र मखमली फूलको माला लगाई पूजा गरिनुका साथै देउसी भैलो खेल्ने परम्परा रही आएको छ।

पौराणिक, सांस्कृतिक र व्यवहारिक महत्त्व बोकेको तिहार प्रकाशको पर्व पनि हो। त्यसैले तिहारलाई हामी दीपावलीको नामबाट समेत जान्दछौं। उज्यालो आफैमा प्रेरणाको बिम्ब हो। दीपावलीको माध्यमबाट प्रकट हुने उज्यालो प्रकाशले हामी सबैलाई सत्य र न्यायको मार्गमा अग्रसर रहन पथ प्रदर्शन गर्न सकोस् भन्ने कामना गर्दछु।

अन्तमा, तिहार पर्वले सम्पूर्ण नेपालीहरू बीच आपसी सद्भाव, सहिष्णुता र भ्रातृत्वको भावना अभिवृद्धि गर्दै राष्ट्रिय एकतालाई थप सुदृढ बनाउन मद्दत पुऱ्याउने विश्वासका साथ तिहार पर्व २०८२ को हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

२०८२ साल कार्तिक ०२ गते, सोमबार।

कमल बहादुर शाह
मुख्यमन्त्री
सुदूरपश्चिम प्रदेश सरकार